नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं.: १०/२०८१/८२

सूचना प्रकाशित मितिः २०८१/०५/३१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुपन्देहीको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को परिच्छेद ३ को दफा ९(१) बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युबा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले दशैं विदा बाहेक ३० औं दिन भित्र अर्थात् (मिति २०८१/०७/०४ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी, निजी फर्म संचालक तथा कृषक समुह/कृषि सहकारी संस्थामा आबद्ध भएका कृषि उद्यमी | रुपन्देही तथा नवलपरासी (ब.सु.प.) जिल्लाभरि | कार्यविधि बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट प्राथमिकीकरण भएका क्षेत्रहरु | कार्य सम्पन्न प्रगतिका आधारमा अधिकतम चार लाख रुपैया वा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराइने। |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/८१ सम्मको कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समुह/कृषि सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र, संस्थाको दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(८) स्थानीय तहको कृषि/पशु शाखाको सिफारिस पत्र।
(९) प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संस्थाबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

द्रस्टव्यः कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०(कार्यविधि संशोधन भएमा सोही कार्यविधि अनुसार) तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम र कार्यक्रम संचालन गर्न सकिने प्राथमिकीकरण गरिएको बाली/वस्तु तथा मूल्य श्रृंखलाको क्षेत्रहरुको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०५१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०११२४०, ९८५७०१०८६३ मा सम्पर्क राख्नु हुन अनुरोध छ।